# जिल्ला प्रहरी कार्यालय, पर्सा

**मिति २०७५।०१।३१ गते**

**१. नियन्त्रित लागु औषध ईन्जेक्सन सहित १ जना मानिस पक्राउ**

मिति २०७५।०१।३० गते बेलुका १४:०० बजेको समयमा जिल्ला पर्सा बिरगंज महानगरपालिका १६ स्थितमा खटिएको प्रहरी चेकिङ टोलीले बिभिन्न सवारी साधन तथा पैदल यात्रु चेकजाँच गर्ने क्रममा जिल्ला रसुवा, धैबुङ वडा नं. ४ बस्ने गणेश देवकोटा दक्षिण भारत तर्फबाट नेपाल वीरगंज तर्फ शंकित अवस्थामा पैदल हिडी आई रहेको देखि निजलाई रोकी चेकजाँच गर्दा निजको साथबाट नियन्त्रित ला.औ. फेनारगन ८० पिस, नुर्फिन ८० पिस र डाईजेल्याप ८० पिस गरी जम्मा २४० पिस फेला पारी उक्त ला.औ. सहित निजलाई नियन्त्रणमा लिई यस कार्यालयमा ल्याईएकोमा लागु औषध शिर्षकमा मुद्दा दर्ता गरी थप अनुसन्धान कार्य भई रहेको।

**२. लागु औषध नाईट्रोभेट ट्याबलेट सहित १ जना मानिस पक्राउ**

मिति २०७५।०१।३० गते १७;३० बजेको समयमा जिल्ला पर्सा ठोरी गा.पा. वडा नं.२ चोक बजार स्थितमा खटिएको प्रहरी चेकजाँच टोलीले चेकजाँच गर्ने क्रममा जिल्ला पर्सा ठोरी गा.पा.-२ बस्ने प्रताप सुनारको छोरा बर्ष १९ को सन्दिप सुनार लाई शंका लागी चेकजाँच गर्दा निजको साथ बाट ला.औ. नाईट्रोभेट १ पत्ता बराबर १५ वटा ट्याब्लेट भएको १९ पत्ता, ९ वटा ट्याब्लेट भएको १ पत्ता गरी जम्मा २९४ वटा र SPASMO PROXYVON PLUS ८ वटा ट्याब्लेट भएको ३ पत्ता जम्मा २४ वटा ट्याब्लेट फेला परेकोले बरामद गरी निजलाई समेत नियन्त्रणमा लिई यस कार्यालयमा ल्याईएकोमा लागु औषध शिर्षकमा मुद्दा दर्ता गरी थप अनुसन्धान कार्य भई रहेको।

**३.भन्सार छली गरि ल्याईएका अवैध सर-समानहरु बरामद**

मिति २०७५।०१।३० गते भंसार छलि गैरकानुनी तवरले विभिन्न सामानहरु भारतबाट खरिद गरी नेपाल तर्फ तथा नेपालबाट भारत तर्फ ल्याउने कार्य नियन्त्रण गर्न यस कार्यालय तथा मातहत कार्यालय समेतबाट खटिएका प्रहरी गस्ति टोलीले भारतबाट नेपाल तर्फ ल्याउदै गरेको अवस्थामा जिल्ला पर्सा बि.म.न.पा.मालपोत कार्यालय पछाडीबाट १३० पिस कुर्था टप्स नियन्त्रणमा लिई यस कार्यालयमा ल्याएकोमा आवश्यक कारवाहीको लागी वीरगंज भंसार कार्यालय पठाउने कार्य भई रहेको।

**४. अबैध मदिरा नष्ट गरीएको**

मिति २०७५।०१।३० गते राति २०;५५ बजेको समयमा जिल्ला पर्सा जगरनाथपुर गाउँपालिका ४ स्थितमा प्रहरी चौकी पाण्डेपुर पर्साबाट खटिएको प्रहरी गस्ती टोलिले गस्ती गर्दै जाने क्रममा ऐ.ऐ. बस्ने मथुरा हजाराको घरबाट मदिरा बनाउने कच्चा पदार्थ ५० लिटर, तयारी मदिरा १० लिटर, माटोको भाँडा वर्तन समेत बरामद गरी नष्ट गरेको।